# तुम्बेवा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
मौवा, पाँचथर

कोशी प्रदेश, नेपाल

प.स.०८२/०८३
च.नं.

मितिः २०८३/०३/३०

**विषयः सामाजिक सुरक्षा भत्ता नवीकरण सम्बन्धी जरुरी सूचना।**

प्रस्तुत विषयमा तुम्बेवा गाउँपालिकाबाट सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहनु भएका लाभग्राहीहरुको सामाजिक सुरक्षा (तेस्रो संशोधन) नियमावली, २०८२ बमोजिम सामाजिक सुरक्षा भत्ता परिचयपत्र प्रत्येक आर्थिक वर्षमा नवीकरण गर्नुपर्ने व्यवस्था बमोजिम मिति २०८३ साउन ०१ गते देखि २०८३ असोज ३० गते भित्र सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने व्यक्ति स्वयं आ-आफ्नो वडा कार्यालयमा देहाय बमोजिमको कागजात सहित उपस्थित भई नवीकरणको लागि निवेदन पेश गर्नुहुन अनुरोध छ। अनिवार्य रुपमा बायोमेट्रिक डिभाइसको माध्यमबाट भेरिफिकेशन गरी नवीकरण हुने भएकोले सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपसिलः**

| क्र.स. | सामाजिक सुरक्षा किसिम | योग्य उमेर र अवस्था | आवश्यक कागजातहरु |
|---|---|---|---|
| १ | जेष्ठ नागरिक ७० वर्ष माथि | ७० वर्ष पुगेको | • सामाजिक सुरक्षा भत्ता परिचय पत्रको प्रतिलिपि<br>• नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपि<br>• राष्ट्रिय परिचय पत्र<br>• हालसालै खिचेको पासपोर्ट साइजको फोटो २ प्रति<br>• मोवाइल नम्बर<br>• विधवाको हकमा मृत्यु दर्ता प्रमाण पत्रको प्रतिलिपि, अर्को विवाह नगरेको प्रमाण पत्र<br>• अपाङ्गताको हकमा उमेर नपुगेको भएमा अनिवार्य जन्म दर्ता प्रमाण पत्र<br>• अपाङ्गता परिचय पत्रको प्रतिलिपि<br>• संरक्षकको नेपाली नागरिकता, राष्ट्रय परिचय पत्र |
| २ | जेष्ठ नागरिक दलित | ६० वर्ष पुगेको | |
| ३ | जेष्ठ नागरिक एकल महिला | ६० वर्ष माथि अविवाहितको प्रमाण वा अदालको सम्बन्ध विच्छेद र न्यायिक पृथकीकरण भएको प्रमाण | |
| ४ | विधवा | पतिको मृत्यु भएको जुनसुकै उमेरको महिला | |
| ५ | पूर्ण अपाङ्गता (क) वर्ग | क वर्ग (रातो कार्ड) अपाङ्गता भएका जुनसुकै उमेर समूहको नागरिक | |
| ६ | अति अशक्त अपाङ्गता (ख) वर्ग | ख वर्ग (निलो कार्ड) अपाङ्गता भएका जुनसुकै उमेर समूहको नागरिक | |
| ७ | बाल पोषण (दलित बालबालिका) | पाँच वर्ष उमेर मुनिका एउटै बाबुआमाबाट जन्मिएका दुई सन्तानले प्राप्त गर्ने | |

२०८३/३/३०

केशव कुमार थापा
नि. प्रमुख प्रशासकीय अधिकृत

जय तुम्बेवा